संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज २२ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली , २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु पालना गर्नु हामी सबैको कर्तव्य भएको पुन: स्मरण गराउन चाहन्छु । साथ-साथै आफ्ना कुराहरु विधि एवं प्रक्रिया सम्मत तवरमा सदनमा राख्न तथा आ-आफ्नो आसन ग्रहण गरी सभा सञ्चालनमा सहयोग गर्न अनुरोध गर्दछु" भन्नुभयो।

वहाँले "सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित भएका छन् । संसदका कार्यहरु प्रत्यक्ष रुपले जनसरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन । त्यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नरोकिएपछि नाराको बीच सम्माननीय सभामुखको अनुमतिले मिति २०७८ असोज १९ को मन्त्रिपरिषद्को निर्णयानुसार "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने सूचना प्राप्त भएकोले सम्माननीय प्रधानमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (३) बमोजिम "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (४) बमोजिम मा० श्री प्रेम सुवालले उक्त प्रस्तावको विरोधको सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले विधेयक फिर्ता लिने प्रस्तावको विरोधको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्तावको विरोध फिर्ता लिन नचाहनु भएकोले उहांले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्ताव माथिको विरोधलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले राख्नुभएको "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखको अनुमतिले मिति २०७८ असोज १९ को मन्त्रिपरिषद्को निर्णयानुसार रेल्वे विधेयक, २०७६ फिर्ता लिने सूचना प्राप्त भएकोले सम्माननीय प्रधानमन्त्री एवं भौतिक पुर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (५) बमोजिम राष्ट्रिय सभामा उत्पत्ति भै प्रतिनिधि सभामा विचाराधीन रहेको "रेल्वे विधेयक २०७६" फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त प्रतिनिधि सभाको सिफारिश प्राप्त गर्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (४) बमोजिम मा० श्री प्रेम सुवालले प्रस्तावको विरोधको सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले विधेयक फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त सदनको सिफारिश प्राप्त गर्ने प्रस्तावको विरोधको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो विरोध फिर्ता लिन नचाहनु भएकोले उहांले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्तावको विरोधलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले राष्ट्रिय सभामा उत्पत्ति भै प्रतिनिधि सभामा विचाराधिन रहेको "रेल्वे विधेयक २०७६" फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त सदनको सिफारिश प्राप्त गर्न राख्नुभएको प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहँदा बहुमतले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज २५ गते सोमबार दिनको २:०० बजे बस्नेगरी आजको बैठक दिनको १:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव